# साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
# SALT TRADING CORPORATION LTD.

सत्यमेव परं धनम्

पत्र संख्या/Ref No. २०७५।०७६ च.नं. ४२३

मिति : २०७६।०१।३१

श्री नेपाल स्टक एक्सचेञ्ज लि.
सिंहदरवार प्लाजा, भद्रकाली,
काठमाडौं ।

विषय : तेस्रो त्रैमासिक प्रतिवेदन सबन्धमा ।

महोदय,

उपरोक्त विषयमा यस कर्पोरेशनको आर्थिक वर्ष २०७५।०७६ को तेस्रो त्रैमासिक चैत्र मसान्तसम्मको प्रतिवेदन तहांको आवश्यक जानकारीको लागि यसै पत्रसाथ पठाईएको व्यहोरा अनुरोध गर्दछौं ।

भवदीय
नि.साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

(ओमसिद्धि गुभाजु)
विभागिय प्रवन्धक

केन्द्रिय कार्यालय, कालिमाटी, काठमाडौं, नेपाल, फोन नं.: ४२७१०१४, ४२७०३१५, ४२७१७०४, फ्याक्स: ९७७-१- ४२७१७०४, ४२७१३९५
Central Office, Kalimati, Kathmandu, Nepal, Phone: 4271014, 4270315, 4271704, Fax: 977-1-4271704, 4271395
Email: admin@stcnepal.com, URL: www.stcnepal.com

# साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

## आ. ब. २०७५/०७६ को तेस्रो त्रैमासिक, चैत्र मसान्तको प्रोभिजनल बित्तीय बिवरण

| | 0.00 | 0.00 |
|---|---|---|
| विवरण | यस त्रैमासिकको अन्तमा (२०७५/१२/३०) | गत आ.ब. को सम्बन्धित त्रैमासिकको अन्तमा (२०७४/१२/३०) |
| सम्पत्ति | | |
| गैह्र चालु सम्पत्ति | | |
| जायजेथा, प्लान्ट र उपकरण | १,५५१,६५१,२३४ | १,५६५,७४०,४६४ |
| पूँजीगत कार्य प्रगति | ४,९४२,६९६ | ४,९४२,६९६ |
| स्थगन कर (Deferred Tax) | ९९,३०३,४१९ | ८३,४९७,६२४ |
| लगानी | ५७४,३९१,७४८ | ५६१,३४७,००८ |
| जम्मा | २,२३०,२८९,०९७ | २,२१५,५२७,७९२ |
| चालु सम्पत्ति | | |
| जिन्सी मौज्दात | २,९०८,३१०,८६७ | ३,१०८,१६३,४०९ |
| आसामी बाँकी | ३७४,४४९,९५८ | ३२६,३८०,५८२ |
| नगद तथा बैंक मौज्दात | १५५,२९७,७१२ | १४६,७७५,८१० |
| पेश्की, धरौटी तथा अन्तर कार्यालय हिसाब | २,६१९,००७,४८२ | २,३५३,९५२,९४३ |
| नेपाल सरकार संगको हिसाब | ८६०,५९०,२७२ | ४२,४१३,८८१ |
| जम्मा | ६,९१७,६५६,२९० | ५,९७७,६८६,६२५ |
| कुल सम्पत्ति | ९,१४७,९४५,३८७ | ८,१९३,२१४,४१७ |
| इक्विटी र दायित्व | | |
| शेयर पूँजी (टिप्पणी ग(७)) | १२२,८३३,४०० | ९८,२३४,७०० |
| जगेडा तथा मूनाफा | १,३३८,८२४,१९३ | १,२७४,९०९,४७९ |
| कूल इक्विटी | १,४६१,६५७,५९३ | १,३७३,१४४,१७९ |
| दीर्घकालीन कर्जा | ७८,८४१,९३२ | ९५,९३१,४२० |
| चालु दायित्व तथा व्यवस्था | | |
| चालु दायित्व तथा अन्तर कार्यालय हिसाब | ७,३१३,८३१,३५३ | ६,५१७,९९२,०९७ |
| व्यवस्था | २९३,६१४,५०९ | २०६,१४६,७२२ |
| जम्मा | ७,६८६,२८७,७९४ | ६,८२०,०७०,२३९ |
| कुल इक्विटी र दायित्व | ९,१४७,९४५,३८७ | ८,१९३,२१४,४१७ |

# साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

## आ. ब. २०७५।०७६ को तेस्रो त्रैमासिक, चैत्र मसान्तको प्रोभिजनल नाफा-नोक्सान बिवरण

| विवरण | यस त्रैमासिकको अन्तमा (२०७५।१२।३०) | गत आ.ब. को सम्बन्धित त्रैमासिकको अन्तमा (२०७४।१२।३०) |
|---|---|---|
| आम्दानी (बिक्री) | ५,९५६,७३०,९०९ | ७,६५०,१०१,३४१ |
| बिक्री लागत | ५,१२०,५४६,३८५ | ६,८४४,४४९,५२४ |
| कुल मुनाफा | ८३६,१८४,५२४ | ८०५,६५१,८१७ |
| अन्य आम्दानी | ४३,०१५,६८३ | ४६,५११,१६४ |
| सम्पत्ति बिक्री नाफा | - | - |
| जम्मा | ८७९,२००,२०८ | ८५२,१६२,९८१ |
| कर्मचारी खर्च | २१८,६२६,९९४ | २००,२२२,२०० |
| प्रशासकीय खर्च | ९९,५१७,४३७ | ९७,२७३,०६१ |
| ब्याज खर्च | ५२८,९४३,६२६ | ४६६,१७७,७४९ |
| ह्रास खर्च | - | - |
| बिनिमय दर परिवर्तनबाट नोक्सानी | - | - |
| पेश्कि सापटी, लगानी एवँ आसामी व्यवस्था खर्च | - | - |
| कर्मचारी बोनस | - | - |
| आयकर व्यवस्था अगाडिको नाफा | ३२,११२,१५१ | ८८,४८९,९७१ |
| आयकर व्यवस्था | | |
| चालू वर्षको | - | - |
| बिगत वर्षहरुको | - | - |
| स्थगन कर (Deferred Tax) | - | - |
| खुद नाफा इक्विटी मा परिवर्तनको विवरणमा सारेको | ३२,११२,१५१ | ८८,४८९,९७१ |
| खुद नाफा प्रति शेयर | २६.१४ | ९०.०८ |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसुची १४
## (नियम २६ को उपनियम १ संग सम्बन्धित)
## आ.व.२०७५/७६ को तेस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तिय विवरण :**

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण

यस कम्पनीको आ.व. २०७५।७६ को तेस्रो त्रैमासिक अवधिको अपरिस्कृत वासलात, नाफा नोक्सान तथा आय व्यय हिसाब विवरण संलग्न बमोजिम रहेको छ ।

(ख) प्रमुख वित्तिय अनुपातहरु :

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी (Annualized) | ३४.८६ | प्रति शेयर नेट वर्थ | ७२८.३३ |
| मुल्य आम्दानी अनुपात | १४.६३ | प्रति शेयर कुल सम्पत्ति मुल्य | ७४४७.४४ |

२. **व्यवस्थापकिय विश्लेषण :**

कर्पोरेशनले गुणस्तरीय वस्तुहरुको कारोबार गरी आम उपभोक्ताहरुलाई गुणस्तरयुक्त खाद्यवस्तु तथा अन्य वस्तुको सरल र सहज आपूर्ति व्यवस्था गरी सामाजिक उत्तरदायित्व वहन गर्दै कारोवार गर्न सफल रहेको छ । बिद्यमान बैंकिङ्ग तरलता समस्या, देशको समग्र आर्थिक अवस्थाको कारण तथा कर्पोरेशनले नेपाल सरकारको निर्देशन समेतको पालना गरी सामाजिक उत्तरदायित्व वहन गर्नु परेको कारण कुनै वस्तुहरुमा लागत मूल्य भन्दा कम मूल्यमा सामान बिक्रि गर्नुपर्ने बाध्यात्मक अवस्थाको कारण कर्पोरेशनले अपेक्षित रुपमा मुनाफा आर्जन गर्न सकिरहेको छैन । देशको राजनीतीक स्थिरता, प्रशासनिक संरचनामा भएको परिवर्तन पश्चात आर्थिक गतिविधिमा बृद्धि भै कर्पोरेशनको व्यवसायमा सकरात्मक प्रभाव पर्ने देखिन्छ ।

३. **कानुनी कारवाही सम्बन्धि विवरण**

यस अवधिमा कर्पोरेशनको व्यवसायीक कारोबार संग निम्न मुद्धाहरु विचाराधीन छन् ।

| सि.न | पक्षको नाम | बिपक्षीको नाम | मुद्दा | अदालत | कैफियत |
|---|---|---|---|---|---|
| १ | सा.ट्रे.क.लि. | प्रचण्ड बहादुर बम | क्षतिपूर्ति रकम दिलाई भराई पाऊ | बांके जिल्ला अदालत | फैसला कार्यान्वयन गरी पाउं |
| २ | सा.ट्रे.क.लि. | सुनिरा तिमिला समेत | लेनदन | काठमाडौं जिल्ला अदालत | फैसला कार्यान्वयन गरी पाउं |
| ३ | सा.ट्रे.क.लि. | कमल भक्त प्रधान... समेत | लेनदन | काठमाडौं जिल्ला अदालत | फैसला कार्यान्वयन गरी पाउं |
| ४ | सा.ट्रे.क.लि. | गर्ग ईम्पेक्सको प्रो. पवन अग्रवाल | उत्प्रेषण परमादेश समेत | सर्वोच्च अदालत | |
| ५ | सा.ट्रे.क.लि. | मिनु चन्द समेत | हरहिसाव | उच्च अदालत दिपालय महेन्द्रनगर इजलास | |

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विवरण :**

| | | | |
|---|---|---|---|
| अधिकतम मुल्य रु. | ५०१ | अन्तिम मुल्य रु. | ५०१ |
| न्युनतम मुल्य रु. | ५०१ | कारोबार भएको कुल दिन | १ |
| कारोबार संख्या | १ | शेयर संख्या | १० |

५. **समस्या र चुनौती :**
राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा आउने आर्थिक उतार चढाव, मुलुकमा विद्यमान राजनीतिक, आर्थिक, सामाजिक र प्रशासनिक परिस्थितिहरु तथा अस्वस्थ ब्यापारीक प्रतिस्पर्धाले कर्पोरेशनको कारोवारलाई समेत असर पारेको छ । नेपाल सरकारले चिनी आयातमा लगाएको परिमाणात्मक बन्देजले कर्पोरेशनको व्यवसायमा परेको असर तथा भारतबाट चलान भै भंसार बिन्दुमा आईपुग्न लागेको समयमा लागेको उक्त बन्देजको कारण भंसारबाट चिनी छुटाउन लागेको समय, डेमरेज लगायत अन्य खर्चहरुले सिर्जित आर्थिक भारले कर्पोरेशनको कारोबारमा समेत समस्या उत्पन्न भएको ।

**रणनीति**

- नेपाल सरकारको नीतिको अवलम्वन गर्दै एउटा जिम्मेवार संस्थाको रुपमा मुलुकभर गुणस्तरीय बस्तुहरुको आपूर्ति ब्यवस्था मिलाउंदै कर्पोरेशनलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा स्थापित गर्ने ।
- नवीनतम एंव सृजनशील कारोवारको खोजी गर्दै व्यापार विविधीकरण तर्फ उन्मुख रहने योजनाको साथ कर्पोरेशन अगाडी बढ्ने रणनिती रहेको छ ।

६. **संस्थागत सुशासन :**
कर्पोरेशनले प्रचलित कानून तथा नेपाल सरकारबाट जारी निर्देशन र कर्पोरेशनको आन्तरिक नियन्त्रण प्रणाली अनुसार संस्थागत सुशासनको लागि अख्तियारी सिमाको व्यवस्था गरिएको । आन्तरिक नियन्त्रण प्रणाली पालना गरे नगरेको तथा यसमा निरन्तर अध्ययन गरि सुधार गर्न आन्तरिक लेखा परिक्षणले गर्ने तथा लेखापरिक्षण गर्ने लेखापरिक्षकको सुझाव निर्देशन बमोजिम कर्पोरेशनले कार्य सम्पादन गर्दै आएको छ ।

७. **सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण :**
आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा पूर्ण उत्तरदायित्व बहन गर्दछु । म यो उदघोष गर्दछु मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्यतथ्य र पूर्ण छन् । कर्पोरेशनले आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु नलुकाएको साथै लेखापरिक्षण गर्दा कुनै व्यवस्था गर्नुपरेमा माथि देखाईएका हिसाबहरु फरक पर्न सक्नेछ ।

साल्ट ट्रेडिङ कर्पोरेशन लि.
केन्द्रीय कार्यालय, काठमाडौं